आज मिति २०७७ फागुन ०४ गते मंगलबारको दिन बिहान ८:०० बजे यस दक्षिणकाली नगरपालिकाका नगर प्रमुख श्री मोहन बस्नेतज्यूको अध्यक्षतामा नगर कार्यपालिकाका तपसिल बमोजिमका सदस्यज्यूहरुको उपस्थितिमा १०२ औं कार्यपालिका बैठक बसी निम्नानुसार प्रस्तावहरु उपर छलफल गरि देहाय बमोजिमका निर्णयहरु गरियो।

**उपस्थिती**

| क्र.सं | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | नगर प्रमुख श्री मोहन बस्नेत | अध्यक्ष | |
| २. | नगर उपप्रमुख श्री बसन्ती तामाङ (डंगोल) | सदस्य | |
| ३. | कार्यपालिका सदस्य श्री जय थापा मगर (वडा अध्यक्ष, १ नं. वडा) | सदस्य | |
| ४. | कार्यपालिका सदस्य श्री रामचन्द्र क्षेत्री (वडा अध्यक्ष, २ नं. वडा) | सदस्य | |
| ५. | कार्यपालिका सदस्य श्री शिवभक्ति बलामी (वडा अध्यक्ष, ३ नं. वडा) | सदस्य | |
| ६. | कार्यपालिका सदस्य श्री पुष्कर खड्का (वडा अध्यक्ष, ४ नं. वडा) | सदस्य | |
| ७. | कार्यपालिका सदस्य श्री श्याम बहादुर खत्री (वडा अध्यक्ष, ५ नं. वडा) | सदस्य | |
| ८. | कार्यपालिका सदस्य श्री मोहन खड्का (का.बा.वडा अध्यक्ष, ६ नं. वडा) | सदस्य | |
| ९. | कार्यपालिका सदस्य श्री हरि प्रसाद तिमल्सेना (वडा अध्यक्ष, ७ नं. वडा) | सदस्य | |
| १०. | कार्यपालिका सदस्य श्री राज कुमार लामा (वडा अध्यक्ष, ८ नं. वडा) | सदस्य | |
| ११. | कार्यपालिका सदस्य श्री अमृका बलामी (वडा अध्यक्ष, ९ नं. वडा) | सदस्य | |
| १२. | कार्यपालिका सदस्य श्री कविता खत्री | सदस्य | |
| १३. | कार्यपालिका सदस्य श्री गौरी नेवा | सदस्य | |
| १४. | कार्यपालिका सदस्य श्री निर्मला मंग्राती | सदस्य | |
| १५. | कार्यपालिका सदस्य श्री मिना मगर | सदस्य | |
| १६. | कार्यपालिका सदस्य श्री रमा पहरी | सदस्य | |
| १७. | कार्यपालिका सदस्य श्री राजेश परियार | सदस्य | |
| १८. | कार्यपालिका सदस्य श्री लक्ष्मी पौडेल | सदस्य | |
| १९. | कार्यपालिका सदस्य श्री शारदा आचार्य | सदस्य | |
| २०. | प्रमुख प्रशासकीय अधिकृत श्री तुलसी बहादुर श्रेष्ठ | सचिव | |

**सचिवालय कर्मचारी** :-

१. श्री श्री दिपक कुमार के.सी. (यो.अ.तथा प्रशासकीय अधिकृत)
२. श्री गणेश गुरुङ (लेखा अधिकृत)
३. श्री मनोज बुढाथोकी (ईन्जिनियर)
४. श्री ननिता खत्री (निर्णय टाईपमा सहयोग गर्ने कर्मचारी)

मिति २०७७/११/०३ गते नगर प्रमुखज्यूबाट मिति २०७७/११/०४ गते नगर कार्यपालिकाको १०२ औं कार्यपालिका बैठकमा पेश गर्न आदेश भई नगर कार्यपालिकाको यस बैठकमा छलफल गरी निम्नानुसारको निर्णय गरियो ।

| सि.नं. | विषय | निर्णय भएको व्यहोरा |
|---|---|---|
| १. | योजना लागत सहभागीता सम्बन्धमा । | • पर्यटन पूर्वाधार निर्माण तथा पर्यटन उपजको विकास साझेदारी कार्यक्रम अन्तर्गत द.न.पा.४ को बाँसबारी पार्क (पिकनिक स्पोर्ट र पार्क) को लागी सँस्कृती, पर्यटन तथा नागरीक उड्डयन मन्त्रालयबाट विनियोजित रकम रु.४,५५,००,०००।- (चार करोड पच्पन्न लाख) र नगरपालिकाबाट साझेदारी लागत रकम रु.२,४५,००,०००।- (दुई करोड पैतालिस लाख) विनियोजन गर्नु पर्ने भएको हुदाँ उपयुक्त शिर्षकबाट सो रकम विनियोजन गर्ने र उक्त आयोजना तिन आ.ब.भित्र सम्पन्न गरीसक्नु पर्ने भएको हुदाँ २०८० फागुन मसान्तसम्म सम्पन्न गरी सक्ने गरी कार्ययोजना तयार गरी ठेक्का प्रक्रियामा लैजाने । |
| २. | योजना म्याद थप सम्बन्धमा । | • यस नगरपालिकाको मिति २०७७/०६/०६ गतेको ९२ औं कार्यपालिका बैठकको निर्णयानुसार "यस दक्षिणकाली नगरपालिकाद्वारा आ.ब.०७६/०७७ मा सञ्चालन गर्नको लागी सम्झौता भई कोभिड - १९ को रोकथाम तथा नियन्त्रणका लागी भएको लकडाउनका कारण तोकिएको समयमानै सम्झौता बमोजिमको काम सम्पन्न हुन नसकेको आयोजनाहरुको लागी संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. ४६, मिति २०७७/५/८ को पत्रानुसार नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७७/३/२९ को निर्णयानुसार कोभिड - १९ को संक्रमणका कारण घोषणा गरिएको लकडाउन अवधिमा सम्झौताको म्याद समाप्त भएका वा सो अवधिमा सम्झौता भई कार्य सम्पन्न हुन नसकेका योजना/कार्यक्रमहरुको बढिमा ६ महिना म्याद थप गर्न सकिने व्यवस्था भए अनुरुप यस नगरपालिकाबाट गत आ.ब.०७६/०७७ मा सम्झौता भई फछ्र्यौट हुन बाँकी योजना/कार्यक्रमहरुको २०७७ पुष मसान्त सम्मको लागी म्याद थप गर्ने" निर्णय भएकोमा कोभिड - १९ संक्रमणका कारण २०७७ माघ मसान्त सम्म सम्पन्न गरि सक्ने गरी आयोजनाहरुको म्याद थप गर्ने भनि पुनः मिति २०७७/०९/२६ को ९८ औं कार्यपालिका बैठकबाट निर्णय भएकोमा पुनः २०७७ फागुन मसान्त सम्म सम्पन्न गरि सक्ने गरी आयोजनाहरुको म्याद थप गर्ने ।<br><br>• आ.ब.०७६/०७७ का लागी उद्योग तथा वाणिज्य मन्त्रालयबाट औद्योगिक पूर्वाधार कार्यक्रम अन्तर्गत दक्षिणकाली फुटवेयर जोन पहुचँ मार्ग निर्माण कार्यका लागी प्राप्त तिन करोड रकम मध्ये उक्त कार्यका लागी मिति २०७६/११/०७ मा राष्ट्रिय दैनिक पत्रिका नागरीक दैनिकमा ठेक्का सुचना प्रकाशन भएकोमा ठेक्का नं. **DM/NCB/Works/2076-77/03** र **DM/NCB/Works/2076-77/04** स्वीकृत भई मिति २०७७/०३/०५ मा लक्ष्मी निर्माण सेवासँग सम्झौता भएकोमा यस नगरपालिका कार्यालयको मिति २०७७/०३/१८ को निर्णयानुसार मुल्य समायोजनको क्षतिपूर्ति नहुने गरी उक्त ठेक्काहरुको म्याद २०७७ पौष मसान्त सम्मका लागी थप गरिएकोमा स्रोत सुनिश्चित भएको हुदाँ २०७८ जेष्ठ मसान्त सम्मको लागी म्याद थप गर्ने । |

**तुलसी बहादुर श्रे...**
**प्रमुख प्रशासकीय अधि...**

| | | |
|---|---|---|
| ३. | विविध । | • गत आ.ब.०७६/०७७ मा दक्षिणकाली परोपकार युवा क्लबद्वारा सञ्चालित मेयर कप फुटबल प्रतियोगिता कोभिड-१९ का कारणले अबरुद्ध भएको हुदाँ उक्त कार्यक्रम सञ्चालन गर्दा भएको खर्चको बिल भर्पाई गत आ.ब.कै भएको कारण उक्त खर्च मध्ये रु.२,५०,०००।- (दुई लाख पचास हजार) भुक्तानी बाँकी चालु शिर्षकबाट भुक्तानी दिने । |

तुलसी बहादुर श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत